नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं, नेपाल
पो.ब.नं. १४३६४, फोन नं. +९७७-१-४५९८०१३/४५९८०१४
इमेलः info@aepc.gov.np

# आ.व. २०८२/८३ मा यस केन्द्र मार्फत् कार्यान्वयन हुने घरायसी बायोग्यास प्लाण्ट निर्माण तथा जडान कार्य सम्पन्न पश्चात अनुदान मागका लागि आवेदन आव्हान सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०८३।०२।२२**
**आवेदन खुला हुने मितिः २०८३।०२।२५**
**आवेदन बुझाउने अन्तिम मिति : २०८३।०३।१५ (कार्यालय समय भित्र)**

केन्द्रले विगत वर्ष देखि विभिन्न नवीकरणीय प्रविधिहरु प्रवर्द्धन तथा निर्माण/जडान गर्ने कार्यक्रम कार्यान्वयन गर्दै आइरहेकोमा चालु आ.व. २०८२/८३ मा समेत उक्त कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । यस केन्द्रद्धारा सञ्चालित कार्यक्रम अन्तर्गत केन्द्रद्धारा मान्यता प्राप्त कम्पनीबाट चालू आ.व. २०८२/८३ मा केन्द्र संग सम्झौता भए बमोजिमको परिधिमा रही घरायसी वायोग्यास प्लान्ट निर्माण तथा जडान कार्य सम्पन्न गरि विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति तथा नवीकरणीय ऊर्जा परिचालन कार्यविधी अनुसार निर्धारित कार्य सम्पन्न प्रतिवेदन सहित अनुदान मागका लागि आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | कार्यक्रमको विवरण | आवेदन पेश गर्दा चाहिने आवश्यक कागजातहरु |
|---|---|---|
| १. | घरायसी वायोग्यास प्लान्ट निर्माण तथा जडान | १. अनुदान आवेदन फाराम (केन्द्रको वेवसाइटबाट प्राप्त गर्न सकिने छ । जसमा उपभोक्ताको नाम, ठेगाना, जिल्ला, नागरिकता नं., सर्म्पक नम्बर र दस्तखत आदि स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्ने) ।<br>२. वायोग्यास प्लाण्ट निर्माण कार्य सम्पादन फाराम<br>३. सम्वन्धित उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>४.फोटो (सम्पूर्ण प्लाण्ट र सम्वन्धित घर देखिएको, भान्छाको फोटो र डोम ग्यास पाईप नंवर स्पष्ट देखिएको फोटो)<br>५. सम्वन्धित स्थानिय तहको सिफारिस ।<br>६. अन्य आवश्यक कागजातहरु ।<br>७. यस भन्दा अगाडी सोही उपभोक्ताको (घरधुरीमा) यस केन्द्र मार्फत घरायसी वायोग्यास प्लान्ट जडानका लागि अनुदान रकम प्राप्त नभएको सुनिश्चितता हुनु पर्ने । |

सम्वन्धित कम्पनीले आवश्यक कागजातहरु संलग्न गरि यस केन्द्रको राष्ट्रिय नवीकरणीय ऊर्जा व्यवस्थापन सूचना प्रणाली (National Renewable Energy Management Information System-NREMIS) मार्फत र सोको सक्कल प्रति समेत केन्द्रमा पेश गर्नु पर्नेछ । उक्त कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ र नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९ (यस केन्द्रको वेवसाइट www.aepc.gov.np मा उपलब्ध) बमोजिम कार्यान्वयन गरिनेछ ।

यस कार्यक्रम अन्तर्गतका अन्य प्रक्रियागत तथा कार्यान्वयन सम्बन्धी व्यवस्था चालु आ.व. २०८२/०८३ मा केन्द्र र कम्पनीबीच सम्पन्न सम्झौताको प्रावधान बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।